# कालीगण्डकी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

विर्घा, स्याङ्जा
स्थापित २०७३

पत्र संख्या : २०७७/०७८
चलानी नं : २११७

गण्डकी प्रदेश, नेपाल
मिति :२०७८/०३/२८

कालीगण्डकी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय विर्घा, स्याङ्जा २०७३

श्री वडा कार्यालय (सबै),

विषय : निजी आवास पुनर्निर्माण तथा प्रवलिकरण को म्याद थप सम्बन्धमा ।

प्रस्तुत विषयमा केन्द्रीय आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) को प:सं. ०७७/७८ मिति २०७८/०३/१८ को पत्रानुसार राष्ट्रिय पुनर्निर्माण प्राधिकरण कार्यकारी समितिको मिति २०७८/०३/१७ मा बसेको १४६ औं बैठकको निर्णयहरु आवश्यक कार्यवाहीको लागि यसै पत्रसाथ पठाइएको व्यहोरा जानकारी गराइन्छ । विविध कारणवश हालसम्म अनुदान सम्झौता गर्न नसकेको र निजी आवास पुनर्निर्माण तथा प्रवलीकरण गर्न बाँकी रहेको लाभग्राहीहरुलाई २०७८ कार्तिक मसान्त भित्र तेस्रो किस्ता निकासाको लागि सम्बन्धित वडा कार्यालयमा निवेदन दिई सक्नुपर्ने अनुरोध गरिन्छ ।

..................
दिनेश ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

दिनेश ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

Email: kaligandakiruralmunicipality@gmail.com, Website: www.kaligandakimunsyangja.gov.np

नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
केन्द्रीय आयोजना कार्यान्वयन इकाई

फोन: ०६३-४२०४३८ (सोधपुछ)
०६३-४२११३०(का.प्र.)
०६३-४२०२३१(प्र.)
Email: nradlpiusyz@gmail.com

# जिल्ला आयोजना कार्यान्वयन इकाई

## (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार)

स्याङ्जा

प.सं. : ०७७/७८
च.नं. : ३३६

मितिः२०७८/०३/२२

श्री नगर कार्यपालिकाको कार्यालय/गाउँ कार्यपालिकाको कार्यालय (सबै),
स्याङ्जा ।

विषयः जानकारी सम्बन्धमा।

प्रस्तुत विषयमा केन्द्रीय आयोजना कार्यान्वयन इकाई(अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार)को प.सं. ०७७/०७८, च.नं.५१२, मितिः २०७८/०३/१८ को पत्रानुसार राष्ट्रिय पुनर्निर्माण प्राधिकरण कार्यकारी समितिको मिति २०७८/०३/१७ मा बसेको १४६औं बैठकले समयसीमाको कारणबाट निजी आवास अनुदान सम्झौता गर्न नसकेका र निजी आवास पुनर्निर्माण तथा प्रवलीकरण गर्दै गरेका लाभग्राहीहरुले बाँकी अनुदान किस्ता लिनको लागि समयसीमा तय भई आएको हुँदा सोही अनुसार तहाँ पालिका अन्तर्गतका वडा कार्यालयहरुमा पत्राचार गरी निर्णय कार्यान्वयन गर्न सहयोगको लागि अनुरोध छ।

*(पुनश्चःकेन्द्रीय आयोजना कार्यान्वयन इकाई(अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार)को प.सं. ०७७/०७८,च.नं.५१२,मिति २०७८/०३/१८ र राष्ट्रिय पुनर्निर्माण प्राधिकरण कार्यकारी समितीको १४६औं बैठकको निर्णयहरुको छायाँकपी पाना-७ यसै पत्रसाथ संलग्न छ ।)*

(प्रवीण ढकाल)
कार्यालय प्रमुख

**बोधार्थः**

श्री राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सिंहदरबार, काठमाडौं ।
श्री केन्द्रीय आयोजना कार्यान्वयन इकाई(अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार),ज्वागल,ललितपुर ।
श्री केन्द्रीय आयोजना कार्यान्वयन इकाई(भवन), बबरमहल, काठमाडौं ।
श्री जिल्ला आयोजना कार्यान्वयन इकाई(भवन), कास्की, पोखरा ।

**कार्यार्थः**

श्री प्राविधिकहरु(सबै),(राष्ट्रिय पुनर्निर्माण प्राधिकरण अन्तर्गत):-सम्बन्धित वडा कार्यालयसँग समन्वय गरी विवरण तयार पारी पठाउनु हुन।